**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १५ मार्च २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- चुनाव आयोगले असम, केरला, पुडुचेरी र तमिलनाडुमा विधानसभा चुनाव एकै चरणमा र पश्चिम बंगालमा दुई चरणमा हुने घोषणा गरेको छ। पश्चिम बंगालमा २३ र २९ अप्रिलमा मतदान हुनेछ।
- पेट्रोलियम अनि प्राकृतिक ग्यास मन्त्रालयले पीएनजी र एलपीजी दुवैको कनेक्शन भएका परिवारहरूलाई तुरुन्तै प्रभावबाट आफ्नो एलपीजी कनेक्शनहरू सरेंडर गर्ने निर्देश दिएको छ।
- मुख्यमन्त्रि ममता ब्यानर्जीले राज्य सरकारले कर्मचारिहरु ए पेंशनभोगिहरु शिक्षकहरु अनि गैर-शिक्षण कर्मचारिहरुले यसै महिना देखि रोपा २००९ को डीए.को बाँकी राशि प्राप्त गर्न शुरू गर्ने घोषणा गर्नुभएको छ।
- खरसाङमा स्वतन्त्रता सेनानी, गाँधीवादी कार्यकर्ता तथा समाज सुधारक सावित्री देवी उर्फ हेलेन लेप्चाको सालिग आज अनावरण गरिएको छ।
- दार्जीलिङको भिक्टोरिया अस्पताल परिसरमा आज नवनिर्मित जिल्ला समन्वित जन स्वास्थ्य प्रयोगशाला (District Integrated Public Health Laboratory – DIPHL) को आज औपचारिक रूपमा उद्घाटन गरिएको छ।

**चुनाव घोषणा**

चुनाव आयोगले असम, केरला, पुडुचेरी र तमिलनाडुमा विधानसभा चुनाव एकै चरणमा र पश्चिम बंगालमा दुई चरणमा हुने घोषणा गरेको छ। आज यी चार राज्यहरू र एक केन्द्र शासित प्रदेशको चुनावको तारीकहरु घोषणा गर्नु हुँदै मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारले भन्नु भयो, असम, केरल र पुडुचेरीमा मतदान अप्रिल ९ मा हुनेछ, तमिलनाडुमा मतदान अप्रिल २३ मा हुनेछ र पश्चिम बंगालमा २३ र २९ अप्रिलमा मतदान हुनेछ। पश्चिम बंगालमा मतदानको पहिलो चरणमा १५२ विधानसभा सिटको लागि मतदान हुनेछ भने दोस्रो चरणमा १४२ विधानसभा सिटहरूको लागि मतदान हुनेछ। चारै राज्य र केन्द्र शासित प्रदेशको मतगणना ४ मईमा हुनेछ। श्री कुमारले चुनाव तालिको घोषणासँगै यी राज्यहरू र केन्द्र शासित प्रदेशमा आदर्श आचारसंहिता लागू भएको बताउनु भयो। श्री कुमारले पाँचवटा विधानसभाका ८२४ सिटका लागि हुने चुनावमा लगभग १७ करोड ४० लाख मानिसहरू मतदान गर्न योग्य रहेको उल्लेख गर्नु भयो। यसमा पश्चिम बंगालमा लगभग ६ करोड ४४ लाख, तमिलनाडुमा ५ करोड ६७ लाख, केरलमा २ करोड ७० लाख, असममा २ करोड ५० लाख र पुडुचेरीमा ९ लाख ४४ हजार मतदाताहरू समावेश छन्। मुख्य चुनाव आयुक्तले यी पाँच राज्य र केन्द्र शासित प्रदेशमा कुल २ लाख १९ हजार मतदान केन्द्रहरू स्थापना गरिने र कुल २५ लाख चुनाव अधिकारीहरू तैनाथ गरिने जानकारी पनि दिनु भयो। श्री कुमारले प्रत्येक मतदान केन्द्रमा पिउने पानी, शौचालय र साइनबोर्ड जस्ता न्यूनतम आधारभूत सुविधाहरू सुनिश्चित गर्न निर्देशन जारी गरिएको बताउनु भयो। उहाँले भारतीय चुनाव आयोगले हालै चुनाव प्रक्रियालाई अझ पारदर्शी बनाउन ३० वटा नयाँ पहलहरू गरेको पनि बताउनु भयो।

श्री कुमारले प्रत्येक मतदान केन्द्रमा अधिकतम १२०० मतदाताहरू समायोजन हुने कुरा पनि उल्लेख गर्नु भयो। चौबीसै घण्टा निगरानी सुनिश्चित गर्नए सबै मतदान केन्द्रहरूमा १०० प्रतिशत वेबकास्टिङको व्यवस्था गरिनेछ। पश्चिम बंगालको २९४ सदस्यीय विधान सभाको कार्यकाल मे ७ मईए असमको १२६ सदस्यीय विधान सभाको कार्यकाल २० मई र केरलको १४० सदस्यीय विधान सभाको कार्यकाल २३ मईमा समाप्त हुँदैछ। यसैबीच तमिलनाडुको २३४ सदस्यीय विधान सभाको कार्यकाल १० मई र पुडुचेरीको ३० सदस्यीय विधान सभाको कार्यकाल १५ जुनमा समाप्त हुँदैछ।

**पीएनजी एलपीजी कनेक्शन सरेंडर**

पेट्रोलियम अनि प्राकृतिक ग्यास मन्त्रालयले पाइपयुक्त प्राकृतिक ग्यास पीएनजी र द्रवीकृत पेट्रोलियम गैस एलपीजी दुवैको कनेक्शन भएका परिवारहरूलाई तुरुन्तै प्रभावबाट आफ्नो एलपीजी कनेक्शनहरू सरेंडर गर्ने निर्देश दिएको

छ। हिजो जारी गरिएको एक अधिसूचनामा भनिएको छ, मन्त्रालयले पीएनजी कनेक्शन राख्ने कुनै पनि व्यक्तिलाई घरेलु एलपीजी कनेक्शन राख्न अथवा सरकारी तेल कम्पनीहरू अथवा उनीहरूका अधिकृत वितरकहरूबाट एलपीजी सिलिन्डर रिफिल प्राप्त गर्न अनुमति दिइने छैन। त्यस्ता उपभोक्ताहरूले तत्काल आफ्नो एलपीजी कनेक्शन सरेंडर गर्नु पर्नेछ। तेल विपणन कम्पनीहरूलाई नयाँ एलपीजी क्नेक्शनहरू जारी नगर्न अथवा पाइपयुक्त प्राकृतिक ग्यास सुविधाहरूमा पहिला नै पहुँच भएका उपभोक्ताहरूलाई रिफिल प्रदान नगर्न पनि निर्देश दिइएको छ। सरकारले खाना पकाउने ग्यासको आपूर्तिमा दोहोरोपना रोक्न र पीएनजी नेटवर्कमा पहुँच नभएका परिवारहरूको लागि एलपीजी सिलिन्डरहरू उपलब्ध रहून् भन्ने कुरा सुनिश्चित गर्न यो उपाय गरिएको बताएको छ।

**पेट्रोलियम मन्त्रालय बयान**

पेट्रोलियम अनि प्राकृतिक ग्यास मन्त्रालयले बताएको छ, देशभरि एलपीजी वितरकहरूसित ग्यास आपूर्तिको कुनै कमी रहेको छैन। मन्त्रालयले एउटा बयानमा बताएको छ, एलपीजी बुकिंगमा कमी आएको छ। हिज लगभग ७७ लाख बुकिंग दर्ता गरिएको थियो जबकि यस महीनाको १३ तारिख लगभग ८८ लाख बुकिंग दर्ता गरिएको थियो। मन्त्रालयले बताएको छ, वाणिज्यिक एलपीजी सिलेण्डरहरूको पनि प्राथमिकताको आधारमा वितरणको निम्ति राज्य सरकारहरूलाई सुम्पिएको छ साथै अब उपभोक्ताहरूको निम्ति उपलब्ध रहेको छ। मन्त्रालये बताए अनुसार तेल विपणन कम्पनीहरूबाट खुद्रा दोकानहरूमा ईन्धन कमीको कुनै मामिला आएको छैन अनि पेट्रोल एवं डीजलको आपूर्ति नियमित रूपमा जारी रहेको छ। मन्त्रालयले नागरिकहरूलाई हड़बड़ीमा खरीद नगर्ने सुझावको साथै देशभरि पेट्रोल अनि डीजलको पर्याप्त भण्डार उपलब्ध रहेको पनि जानकारी दिएको छ।

**रोपा २००६ को डीए**

राज्य सरकारले कर्मचारिहरु, पेंशनभोगिहरु तथा शैक्षणिक संस्थानका शिक्षकहरु अनि गैर-शिक्षण कर्मचारिहरुसित गरेको आफ्नो बाचा पूरा गरेको छ। पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले आज सोशल मीडिया पोस्टको माध्यमद्वारा यसको घोषणा गर्नुभएको हो। मुख्यमंत्रीले सोशल मीडिया मंच एक्समा एक पोस्टमा भन्नुभयो, राज्य सरकारको कर्मचारी अनि पेंशनभोगी, साथै शैक्षणिक संस्थान्हारुका लाखों शिक्षक अनि गैर-शिक्षण कर्मचारी तथा पंचायत, नगरपालिकाहरु साथै अन्य स्थानीय निकायहरु जस्तै अनुदान प्राप्त संस्थाहरुका कर्मचारी अनि पेंशनभोगीहरुले यसै महिना देखि रोपा २००६ को डीएको बाँकी राशि प्राप्त गर्न शुरू गर्नेछन्। उहाले भन्नुभयो, यो भुगतान राज्यको वित्त विभागद्वारा जारी अधिसूचनाहरुमा तय गरिएको प्रक्रिया अनुसार गरिनेछ। मुख्य मन्त्रीले आफ्नो संदेशमा भन्नुभयो उहाको माँ, माटी, मानुष सरकार आफ्नो कर्मचारिहरु अनि पेंशनभोगिहरुसित गरिएको बाचा पुरा गर्नको लागि प्रतिबद्ध छ।

**हेलेन लेप्चा सालिग**

खरसाङमा स्वतन्त्रता सेनानी, गाँधीवादी कार्यकर्ता तथा समाज सुधारक सावित्री देवी उर्फ हेलेन लेप्चाको सालिग आज अनावरण गरिएको छ। खरसाङको शेर्पा बस्तीस्थित सावित्री देवी पथ परिसरमा स्वतन्त्रता सेनानी सावित्री देवी उर्फ हेलेन लेप्चाको सालिग भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाको बाहुलीबाट अनावरण गरिएको छ। यस सालिग दार्जिलिङका सांसद राजु विष्टको सहयोगमा निर्माण गरिएको छ भने यस सालिगलाई मूर्तिकार कृपेन्द्र गुरुङले बनाउनु भएको हो। यस सालिग निर्माणको लागि खरसाङ शेर्पा बुध्दिष्ट एसोसिएसन र सालिग निर्माण समिति खरसाङको पहलमा स्थापना गरिएको छ। पूजा अर्चनासहित सालिगको अनावरण भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाको बाहुलीबाट गरियो। कार्यक्रममा महासचिव सोनाम लामा, सचिव बिनय प्रसाद लगायत अन्यहरुको पनि उपस्थिति रहेको थियो।

**जन स्वास्थ्य प्रयोगशाला**

आज दार्जीलिङको भिक्टोरिया अस्पताल परिसरमा नवनिर्मित जिल्ला समन्वित जन स्वास्थ्य प्रयोगशाला (District Integrated Public Health Laboratory – DIPHL) को आज औपचारिक रूपमा उद्घाटन गरिएको छ।

यस प्रयोगशालाको स्थापना दार्जीलिङ मात्र नभई पहाडका चिया बगान क्षेत्रका बासिन्दाहरूका लागि स्वास्थ्य सेवाको क्षेत्रमा एक महत्वपूर्ण उपलब्धि मानिएको छ। नयाँ प्रयोगशालाको स्थापना भएपछि स्थानीय नागरिकहरूले आधुनिक र सटीक स्वास्थ्य परीक्षण सेवाहरू अब आफ्नै क्षेत्रमा सहज रूपमा प्राप्त गर्न सक्ने भएका छन्। यसअघि सामान्य परीक्षणका लागि समेत धेरैलाई टाढादृटाढा जानु पर्ने बाध्यता थियो। अब अत्याधुनिक उपकरणसहितको यस प्रयोगशालाले विभिन्न रोगहरूको छिटो तथा विश्वसनीय परीक्षण सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ।

**नेपाल सड़क दुर्घटना**

नेपालको गोरखा जिल्लामा हिजो साँझ भएको बस दुर्घटनामा सात भारतीय तीर्थयात्रीको मृत्यु भएको छ भने अन्य कैयन घाइते भएका छन्। पुलिसले बताए अनुसार बसमा १६ जना सवार थिए जसमा चौध भारतीय तीर्थयात्री पनि थिए र उनीहरु मनकामना मन्दिरबाट फर्किरहेका थिए। पुलिसले मृतकहरूमा दुई महिला र पाँच पुरुष रहेको बताएको छ। घाइतेहरूको उपचार भइरहेको छ। बस चालक बाँचेका छन् भने उनका सहायक घाइते भएका छन्। अधिकारीहरूले बताए अनुसार दुर्घटनाको कारण अझै पत्ता लाग्न सकेको छैन र थप जांच जारी छ।

**राम जन्मोत्सव शोभायात्रा**

श्री राम जन्मोत्सव शोभायात्रा आयोजक समिति खरसाङको आयोजनामा यसपाली खरसाङमा विराट राम नवमी शोभायात्रा निकालिने भएको छ।

*यस विषयमा खरसाङमा पत्रकार सम्मेलन बोलाएर श्री राम जन्मोत्सव शोभायात्रा आयोजक समितिले जानकारी गराउँदै आगामी २७ मार्चको दिन खरसाङको मोटर स्ट्याण्डबाट श्री राम नवमी शोभायात्रा निकालेर खरसाङ बजार परिक्रमा गर्दै पुनः मोटर स्ट्याण्डमा आएर समाप्त हुने भएको जानकारी गराएका छन्। यस विषयमा श्री राम जन्मोत्सव शोभायात्रा आयोजक समिति खरसाङको अध्यक्ष रमेश प्रसाद, सचिव राजेन प्रधान, सह सचिव राकेश प्रसाद, सन्तोष प्रसाद र ईभान फाउण्डेशनको अध्यक्ष प्रशान्त शर्मा उपस्थित रहेका थिए। पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै आयोजक समितिले विस्तृत जानकारी गराए अनुसार विगत वर्षहरु झैं यस वर्ष पनि खरसाङमा श्री राम जन्मोत्सव शोभायात्रा निकाल्ने भएको र यो आगामी २७ मार्चको दिन अपरान्ह १ बजीदेखि शुरु हुने भएको छ। उहाँहरुले बताए अनुसार यस अवसरमा खरसाङ क्षेत्रका सबै मन्दिरहरुका प्रमुख साथै विभिन्न संघ संस्थाका प्रतिनिधिहरुलाई निमन्त्रणा दिइएको छ। यस शोभायात्रामा श्री राम जन्मोत्सवलाई लिएर विभिन्न झाँकीहरु पनि प्रदर्शनी गरिने भएको छ। शोभायात्रा शुरु हुन अघि यी झाँकीहरुलाई मानव उत्थान सेवा समिति खरसाङकी अध्यक्षा असीमा बाईजी र ब्रह्मकुमारी खरसाङकी प्रमुख सञ्चालिका बीके दुर्गादेवीको बाहुलीबाट पूजा गरिने कार्यक्रम रहेको छ। यस श्री राम जन्मोत्सव शोभायात्रामा प्रमुख अतिथिको रुपमा जीटीए अनित थापाको विशेष उपस्थिति रहने भएको छ।*

**दृष्टिबाधित टी-२० क्रिकेट प्रतियोगिता**

उत्तरेर दिशारीद्वारा ३ दिने दृष्टिबाधित राज्यस्तरीय क्रिकेट टूर्नामेंट सिलगढीमा आयोजित गरियो। छैठौ Vision - I Challenge Cup T-२० क्रिकेटको फाईनल म्याच आज Darjeeling Royals र Kolkata Capitals खेलियो। आयोजक संस्थाका सदस्य सौरभले बताए अनुसार.......

*Byte*

सामाजिक सेवा संस्था उत्तोरेर दिशारीले क्रिकेट एशोसियेशन फार ब्लाइन्डस् आफ बेंगालको सहयोगमा यसको आयोजना गरिएको हो। प्रतियोगिता सूर्यनगर नगरपालिका खेल मैदान, एसएमसी, वार्ड नम्बर २३ सिलिगुडीमा भयो। आयोजकहरु अनुसार प्रतियोगिताको उद्देश्य दृष्टिबाधित खेलाडीहरूलाई आफ्नो प्रतिभा देखाउने अवसर दिनु र खेलको माध्यमबाट उनीहरूलाई प्रोत्साहित गर्नु हो। आयोजकहरूले जनाए अनुसार यस प्रतियोगिताका पछिल्लो संस्करणमा खेलेका केही खेलाडीहरू पछि भारतीय राष्ट्रिय दृष्टिबाधित क्रिकेट टीममा चयन भएका छन्।

**गडविन मोडर्न स्कूल कार्यक्रम**

भविष्यको लागि तयार क्यारियर कार्यक्रम विषयमा खरसाङको गडविन मोडर्न स्कूलमा एक कार्यक्रम सम्पन्न भएको छ। खरसाङ क्षेत्रमा रहेको एक मात्र मान्यताप्राप्त सीबीएसई बोर्डको स्कूल गडबिन मोडर्न स्कूलमा वर्तमान समयको मागलाई ध्यानमा राखेर नानीहरुलाई आधुनिक पध्दतिमा शिक्षा प्रदान गर्ने विषय अन्तर्गत भविष्यको लागि तयार क्यारियर कार्यक्रम आयोजना गरिएको छ।

*यस कार्यक्रममा स्वागत सम्भाषण सहदेव मुखियाले राख्नु भएको थियो। कार्यक्रममा शिक्षिकाद्वय रश्मि विश्वकर्म र श्रेया मंगरले नयाँ आधुनिक पध्दतिमा शिक्षा प्रदान गरिने विषयमा जानकारी गराउनु भयो। दुवैले वर्तमान समयमा नानीहरुलाई करियरको लागि आधुनिक तरिकाले शिक्षा प्रदान गर्ने विषय*

*माथि बोल्नु भयो। दुवैले स्कूलमा निटए जेईईए एनडीएए होटेल म्यानेजमेन्ट लगायत विभिन्न क्षेत्रमा रोजगारको लागि आधुनिक तरिकाले शिक्षा प्रदान गर्ने गरेको जानकारी गराउनु भयो। यस क्रममा भावना दर्नालले आर्टिफिसियल इन्टिलिजेन्ट एआई विषयमा जानकारी गराउँदै यो भविष्य रहेको र यसको शिक्षा आवश्यक रहेको बताउनु भयो। कार्यक्रममा जीएसआईएचएमका निर्देशक रोशन शाहीले पनि वक्तव्य राख्नु भएको थियो। कार्यक्रममा स्कूलका प्राचार्य एंव निर्देशक अदित्य प्रधानले भारतको नयाँ शिक्षा व्यवस्था अनुसार स्कूलले पनि आधुनिक तरिकाले शिक्षा प्रदान गर्ने कार्य शुरु गरेको जानकारी गराउनु भयो। उहाँले अबको समयमा नयाँ तरिकाले शिक्षा प्रदान गर्न आवश्यक रहेको र तक्निकी शिक्षा समयको माग रहेको बताउनु भयो।*

## चुङथुङ मेरीबोङ तामसाङ समष्टि परियोजना शिलान्यास

आज चुङथुङ मेरीबोङ तामसाङ समष्टिमा विभिन्न परियोजनाहरुको शिलान्यास कार्यक्रम चुङथुङ ८६ विभागको निल डाँडामा क्षेत्रिय सभासद सन्दिप छेत्रीको प्रमुख उपस्थितिमा गरियो।

**********